OUTBOUND TOUR
ASSOCIATION OF NEPAL

**Outbound Tour Association of Nepal**
Lazimpat, Kathmandu, Nepal
Email: info@otan.org.np
Website: www.otan.org.np

# प्रेस विज्ञप्ति

मिति: २०८३ असोज २६ (१२ अक्टोबर २०२६)

## थाई दूतावासको अपारदर्शी र अन्यायपूर्ण भिसा प्रक्रियाको कडा भर्त्सना
## नेपाली यात्रुको पैसा र सम्मानसँग खेलबाड बन्द गर — OTAN

काठमाडौंस्थित शाही थाई दूतावासले हाल अपनाइरहेको अपारदर्शी, अव्यावहारिक र मनोमानी भिसा प्रक्रियाप्रति आउटबाउन्ड टुर्स एसोसिएसन अफ नेपाल (OTAN) गम्भीर आपत्ति जनाउँदै कडा भर्त्सना गर्दछ। यो प्रक्रियाका कारण हजारौँ नेपाली यात्रु तथा ट्राभल एजेन्सीहरूले ठूलो आर्थिक क्षति, मानसिक तनाव र अपमानजनक व्यवहार भोग्नुपरेको छ।

### कागजात पूरा गर्दा पनि भिसा अस्वीकृत — यो कस्तो न्याय?

दूतावासले माग गरेका सम्पूर्ण कागजात पूरा गरी आवेदन दिएका यात्रुहरूको भिसा पनि लगातार अस्वीकृत भइरहेका छन्। पासपोर्टको फोटो अस्पष्ट भएको र नागरिकताको फोटोकपी स्पष्ट नआएको जस्ता सामान्य र सजिलै सुधार गर्न सकिने बहानामा भिसा अस्वीकृत गरिनु अत्यन्त आपत्तिजनक छ। आवेदकलाई त्रुटि सच्याउने अवसरसमेत नदिई सिधै अस्वीकृत गर्नु नेपाली यात्रुप्रतिको असंवेदनशीलताको प्रमाण हो।

अझ गम्भीर कुरा, १५–२० दिनअघि नै आवेदन दिइसकेका यात्रुहरूको भिसा केवल दुई दिनअघि लागू गरिएको नयाँ नियमका आधारमा अस्वीकृत गरिएको छ। नियम बन्नुअघि नै दर्ता भएका आवेदनमा पछि आएको नियम लागू गर्नु प्रशासनिक न्याय र पारदर्शिताको आधारभूत मान्यताविपरीत छ। OTAN यसलाई कुनै पनि हालतमा स्वीकार गर्न सक्दैन।

### भिसाको ग्यारेन्टी छैन, तर पैसाको जोखिम सबै यात्रुकै?

भिसा पाउने कुनै सुनिश्चितता नहुँदा पनि कन्फर्म हवाई टिकट र होटलको ओरिजिनल बुकिङ अनिवार्य गरिएको छ। यसका लागि यात्रुले लाखौँ रुपैयाँ अग्रिम खर्च गर्नुपर्छ। भिसा अस्वीकृत भएपछि वा यात्रा मिति नाघेपछि मात्र निर्णय आउँदा फिर्ता नहुने टिकट र होटलमा खर्च गरिएको रकम पूर्ण रूपमा डुब्ने अवस्था छ। Booking.com, Agoda जस्ता अन्तर्राष्ट्रिय प्रणालीबाट गरिएका कन्फर्म बुकिङलाई समेत मान्यता नदिई होटलबाटै छुट्टै पत्र माग्नुले प्रक्रियालाई झन् जटिल र खर्चिलो बनाएको छ।

दशैँ–तिहारजस्ता महान् चाडपर्वमा परिवारसँग बिदा मनाउने योजना बनाएका यात्रुहरू सबैभन्दा बढी प्रभावित भएका छन्। एउटै परिवारका सदस्यमध्ये कसैलाई भिसा दिने र कसैलाई अस्वीकृत गर्ने निर्णयले परिवारको सम्पूर्ण यात्रा योजना नै भत्किएको छ।

भिसा दिने वा नदिने सार्वभौम अधिकार थाइल्याण्डको हो भन्नेमा OTAN लाई कुनै विमति छैन। तर त्यस अधिकारको प्रयोग गर्दा उत्पन्न हुने सम्पूर्ण आर्थिक भार निर्दोष नेपाली यात्रुमाथि थोपर्नु कदापि न्यायोचित हुन सक्दैन।

### संवादप्रति दूतावासको उदासीनता अस्वीकार्य

यस विषयमा सरोकारवालाहरूले दूतावाससँग पटक–पटक सम्पर्क गर्ने प्रयास गर्दा फोन नउठाउने, उठेमा पनि स्पष्ट जवाफ नदिई पन्छिने प्रवृत्ति देखिएको छ। हजारौँ नेपालीको पैसा जोखिममा परेको अवस्थामा जिम्मेवार कूटनीतिक नियोगले देखाएको यस्तो उदासीनता अत्यन्त खेदजनक छ।

**Outbound Tour Association of Nepal**
Lazimpat, Kathmandu, Nepal
Email: info@otan.org.np
Website: www.otan.org.np

## सम्भावित मिलेमतोबारे निष्पक्ष छानबिन होस्

अग्रिम रूपमा फिर्ता नहुने टिकट र होटल बुकिङ अनिवार्य गराउने, अनि भिसा अस्वीकृत गर्ने वा ढिलो निर्णय दिने यो चक्रले गम्भीर आशंका जन्माएको छ। यात्रुले पैसा गुमाइरहँदा सम्बन्धित सेवा प्रदायकले रकम पाइरहने यस अवस्थामा कुनै अनुचित मिलेमतो छ कि छैन भन्नेबारे स्वतन्त्र र निष्पक्ष छानबिन गर्न OTAN जोडदार माग गर्दछ।

## OTAN का माग:

१. नियम लागू हुनुअघि दर्ता भएका सबै आवेदनहरू तत्कालीन मापदण्डअनुसार पुनर्विचार गरियोस्।

२. भिसा मापदण्डहरू स्पष्ट, लिखित र सार्वजनिक गरियोस्। नयाँ नियम लागू गर्नुअघि कम्तीमा ३० दिनको पूर्वसूचना दिइयोस्।

३. भिसा अस्वीकृत गर्दा लिखित र स्पष्ट कारण दिइयोस्। सामान्य कागजाती त्रुटि सच्याउने अवसर प्रदान गरियोस्।

४. भिसा स्वीकृत हुनुअघि अस्थायी (provisional) टिकट तथा होटल बुकिङ मान्य गरियोस्।

५. भिसा निर्णयको निश्चित समयसीमा तोकियोस्, जसले गर्दा यात्रा मितिअघि नै निर्णय सुनिश्चित होस्।

६. यात्रु तथा ट्राभल एजेन्सीको गुनासो सुन्न प्रभावकारी सम्पर्क संयन्त्र तत्काल स्थापना गरियोस्।

७. नेपाल सरकार, परराष्ट्र मन्त्रालय तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले थाई सरकारसँग तत्काल कूटनीतिक पहल गरी नेपाली यात्रुको हक र आर्थिक सुरक्षा सुनिश्चित गरियोस्।

## नेपाली यात्रुहरूलाई सचेत रहन अपिल

वर्तमान अवस्थामा थाइल्याण्डको भिसा आवेदन दिनु ठूलो आर्थिक जोखिमयुक्त बनेको छ। त्यसैले थाइल्याण्ड भ्रमण गर्न चाहने सम्पूर्ण नेपाली यात्रुहरूलाई भिसा अस्वीकृत हुने उच्च जोखिम र त्यसबाट हुन सक्ने आर्थिक क्षतिबारे गम्भीरतापूर्वक विचार गरेर मात्र निर्णय लिन OTAN विशेष आग्रह गर्दछ। आवेदन दिनैपर्ने अवस्थामा:

- फिर्ता हुने (refundable) वा मिति परिवर्तन गर्न मिल्ने टिकट र होटल मात्र बुक गर्नुहोस्।
- भिसा स्वीकृत नभएसम्म फिर्ता नहुने भुक्तानी नगर्नुहोस्।
- आवेदन दिनुअघि नवीनतम मापदण्ड अनिवार्य रूपमा जाँच गर्नुहोस्।
- यात्रा मितिभन्दा पर्याप्त समय अगावै आवेदन दिनुहोस्।
- दर्ता भएका आधिकारिक ट्राभल एजेन्सीको परामर्श लिनुहोस्।

नेपाली ट्राभल एजेन्सीहरूले वर्षौंदेखि थाइल्याण्डको पर्यटन प्रवर्द्धन गर्दै त्यहाँको अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका छन्। यसको बदलामा नेपाली यात्रुले पारदर्शी, सम्मानजनक र न्यायोचित व्यवहार पाउनुपर्छ। यो हाम्रो माग मात्र होइन, अधिकार हो।

Madhav

**Madhav Kandel**
President
आउटबाउन्ड टुर्स एसोसिएसन अफ नेपाल (OTAN)